नेपाल सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय, प्रदेश नं. १ विराटनगरद्वारा प्रादेशिक कृषि दर्पणको दोस्रो अङ्क प्रकाशन गर्न लागिएको हुनाले लेख रचनाका लागि आव्हान गरिएको छ। तलका शर्तहरुमा रहि २०७७ असोज ०५ गते सम्म आफ्ना लेख रचना पठाउनुहुन अनुरोध छ ।

## लेखहरु पठाँउदा ध्यान दिनु पर्ने कुराहरु

१. यस पत्रिकामा नेपाली भाषामा लेखिएको कृषि प्रविधिमा आधारित साथै कृषि विकासमा टेवा पुग्ने प्राविधिक, सामाजिक, आर्थिक पक्षको विश्लेषणात्मक रचनालाई उचित स्थान दिईने छ।

२. यस पत्रिकामा जो कोहीले आफ्ना लेख रचना पठाउन सकिन्छ ।

३. लेखहरु पठाउँदा कालिमाटी फन्ट (१२ पोइन्ट) वा प्रिती फन्ट (१६ पोइन्ट) मा टाइप गरिएको र चारैतिर १/१ ईन्च छोडेर १००० देखि २५०० शब्दमा लेखिएको हुनुपर्नेछ र सो लेखलाई कृषि विकास निर्देशनालयको <u>Website:</u>**doad.p1.gov.np**को **Submit Article Section**बाट आवश्यक विवरण भरेर अपलोड गर्नु पर्नेछ। हस्त लिखित लेखहरु लिईने छैन।

४. उपयोगी अनुदित लेखलाई पनि स्थान दिईनेछ, तर मुल लेखकको नाम र किताबको नाम पनि उल्लेख भएको हुनुपर्नेछ। आधार लिईएको लेख भए सो पत्रिका वा किताबको नाम साभार गर्नु पर्दछ तर अन्यत्र प्रकाशित लेख हुवहु प्रकाशित गरिने छैन।

५. लेखसँङ्ग मिल्ने उपयुक्त फोटो पठाएमा त्यसलाई समेत समावेश गरी लेखहरु प्रकाशित गरिनेछ।

६. लेखकको नाम, पद, आफू कार्यरत कार्यालय, ठेगाना र ईमेल स्पष्टसँग उल्लेख हुनुपर्नेछ। उक्त विवरणहरु पूर्ण नभएमा लेख छापिने छैन। साथै आफ्नो PP साइजको फोटो पनि पठाउनु पर्नेछ ।

७. लेखकले लेख प्रकाशित भए वापत उचित पारिश्रमिक पाउने छन् र पारिश्रमिक लेख प्रकाशित भएको आर्थिक वर्ष भित्रमा सम्बन्धित बैंक खातामा जम्मा गरिदिइनेछ। लेख रचना संगै आफ्नो बैंक खाता विवरण अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

८. यस पत्रिकामा प्रकाशित लेखहरुको आंशिक वा पूर्ण भाग जो कोहीले पनि प्रकाशन गर्न पाउनेछ, तर पत्रिकालाई सन्दर्भ सामाग्रीको रुपमा निर्दिष्ट गर्नु पर्नेछ।

९. पठाईएका लेखहरु छाप्ने, नछाप्ने वा केही परिमार्जन गरी छाप्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा निहित रहनेछ र माथि उल्लेखित मापदण्ड पूरा नभएको लेख छाप्न सम्पादक मण्डल बाध्य हुने छैन।

१०. लेख प्रकाशन भएको जानकारी र पत्रिकाको प्रति लेखकको ईमेल ठेगानामा पठाइनेछ र यस पत्रिकाका लागि पठाइएका लेख रचना एक आ.व. सम्म निर्देशनालयसँग रहनेछन् र एक आ.व. भित्र विभिन्न अङ्कहरुमा प्रकाशित हुन सक्नेछ।

११. अप्रकाशित रहेमा लेख रचना फिर्ता दिन सम्पादक मण्डल बाध्य हुने छैन।

१२. यस पत्रिकामा प्रकाशित लेख, रचना आदिको विषय तथा विचारहरु लेखकको निजी हुने भएकोले यसमा सम्पादक मण्डल तथा कृषि विकास निर्देशनालय, प्रदेश नं १ जवाफदेही हुने छैन।

१३. अन्य केहि बुझ्नु परेमा <u>doadp1planning@gmail.com</u>मा ईमेल गर्न सकिनेछ ।

**लेखहरुको प्रकार**

१. मौलिक अध्ययन र अनुसन्धानको नतिजा र खोजको आधारमा कृषि विकासको विभिन्न पक्षमा सहयोग पुर्‍याउने लेख

२. सन्दर्भको आधारमा तयार पारिएको लेख

३. अनुभव एवं सफलताको आधारमा तयार पारिएको लेख

४. कविता, कृषि गतिविधि र अन्य छोटा लेखहरु

५. जेटिए र बुढि आमा

६. पुस्तिका